स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

### डोजर (ब्याक हो लोडर) भाडामा लिने सम्वन्धी सूचना।

(पहिलो पटक सूचना प्रकाशन मितिः २०८०/४/१६)

यस गाउँपालिकाका भित्र वर्षाको समयमा भारी वर्षाको कारण पहिरो गई अवरोध भएका सडकहरुमा थुप्रिएका माटो तथा ढुंगाहरु सफा गर्न तथा सडकमा भएका खाल्टाखुल्टी पुर्ने,सम्याउने कार्य गर्नका लागि डोजर (ब्याक हो लोडर) भाडामा लिनुपर्ने भएकोले इच्छुक फर्म वा निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक तपसिलका कागजातहरु संलग्न गरी सिलवन्दी दररेट पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ।

**तपसिलः**

१. प्रथम पटक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र वा मिति २०८०/०४/२२ गते कार्यालय समय भित्र सम्बन्धित निर्माण व्यवसायीले आफ्नो कागजातको प्रमाणित प्रतिलिपी संलग्न राखी यस कार्यालयबाट फिर्ता नहुने गरी नेपाल इन्भेष्टमेन्ट मेगा बैंकमा रहेको हेलम्बु गा.पा. आन्तरिक राजश्व खाता १७००१४००००००७९ मा रु १०००/- (एक हजार) दाखिला गरी वा गाउँपालिकाको राजश्व शाखामा बुझाई सिलबन्दी दररेट फारम खरिद गर्न सकिनेछ।

२. इच्छुक फर्म वा निर्माण व्यवसायीले उक्त सिलवन्दी दररेट फारम मिति २०८०/०४/२३ गते बिहान १२:०० बजे भित्र गाउँपालिकामा दर्ता गरिसक्नु पर्नेछ। उक्त सिलबन्दी दररेट फारम सोहि दिन दिउसो २:०० बजे गाउँ कार्यपालिकाको कार्यालय, किउलमा खोलिनेछ। सिलबन्दी दररेट पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

३. सिलवन्दी दररेट उल्लेख गर्दा मासिक भाडा दर कर बाहेक उल्लेख गर्नुपर्नेछ। डोजरको इन्धन, मर्मत खर्च, सुरक्षा, चालक र सहयोगी खर्च समेत स्वयं डोजरधनीले व्यहोर्नुपर्नेछ। दररेट उल्लेख गर्दा अनिवार्य रुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्नेछ। अंक प्रष्ट नभएमा अक्षरमा खुलाइएको दररेटलाई मान्यता दिइने छ।

४. भाडामा लिइने डोजरको मासिक भाडा अधिकतम रु ४,००,०००/- (अक्षरमा चार लाख मात्र) VAT सहित हुने र भाडा रकम प्रत्येक महिनाको अन्तिममा भुक्तानी हुने तथा कारोवारमा हुने करको दायित्व सम्वन्धित फर्म वा निर्माण व्यवसायीको हुनेछ।

५. डोजर भाडामा उपलब्ध गराउँदा मेशिनको क्षमता अनिवार्य रुपमा उल्लेख गरेको हुनुपर्नेछ। चालु अवस्थामा रहेको ब्याक हो लोडर हुनुपर्नेछ।

विनोद रोका

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

---

६. भाडामा लिइने डोजरको कार्यवधि प्रतिदिन न्यूनतम ६ घण्टा हुनुपर्नेछ र पहिरो गएको अवस्थामा कार्यालयको निर्देशन अनुसार सडक सरसफाइ गर्नुपर्नेछ।

७. कार्यालयले आवश्यकता अनुसार तोकेको स्थानहरुमा डोजर प्रयोग गर्नुपर्नेछ। डोजर मर्मत गर्नुपर्ने भै एक दिन सम्म काम गर्न नसकेमा सो दिनको कार्य अर्को दिन गर्नुपर्नेछ र लगातार दुई दिनसम्म काम गर्न नसकेमा सो दिनको कार्य अर्को दिन गर्नुपर्नेछ। लगातार दुई दिन भन्दा बढी समयसम्म सञ्चालनमा नआएको खण्डमा सो अवधिको लागत मूल्य घटाई भुक्तानी गरिनेछ।

८. एक पटक पेश भएको सिलबन्दी दररेट फिर्ता वा संशोधन गर्न सकिने छैन।

९. सिलबन्दी दररेट स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

१०. माथि उल्लेख भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

<u>दरभाउपत्रका साथ पेश गर्नुपर्ने कागजातहरु:</u>

- फर्म दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- चालकको नागरिकता प्रमाण पत्र र चालक अनुमतिपत्रको प्रतिलिपि,
- डोजर नवीकरण भएको विल वुक र तेस्रो पक्ष वीमाको प्रमाणित कागजातहरुको प्रतिलिपि,
- रु १००० तिरेको राजश्वको सक्कल प्रति।

विनोद रोका

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
हेलम्बु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

विनोद राका
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८०/........../............

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक।

**विषयः दररेट पेश गरेको सम्बन्धमा।**

प्रस्तुत विषयका सन्दर्भमा तहाँ कार्यालयको मिति २०८०/४/१६ गते डोजर भाडामा लिने सम्बन्धी प्रकाशित सूचनामा उल्लेख भएका शर्त अनुसार देहाय बमोजिम प्रति महिना दररेटमा डोजर (व्याक हो लोडर) उपलब्ध गराउन इच्छुक भएकोले संलग्न कागजात सहित यो दररेट पेश गरेको छु।

प्रति महिना डोजरको भाडाः रु ..........................................................

(अक्षरमा..........................................................................................)

VAT बाहेक।

**आवश्यक कागजातहरुः**

१. फर्म दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

२. चालकको नागरिकता प्रमाण पत्र र चालक अनुमतिपत्रको प्रतिलिपि,

३. डोजर नवीकरण भएको विल वुक र तेस्रो पक्ष वीमाको प्रमाणित कागजातहरुको प्रतिलिपि,

४. रु १००० तिरेको राजश्वको सक्कल प्रति।

**दररेट पेश गर्नेको**

दस्तखतः

फर्मको नामः

ठेगानाः

फर्मको छापः

सम्पर्क नं. :

(पुनश्चः सम्बन्धित व्यक्ति वा फर्मले गाउँपालिकाको राजश्व शाखाबाट रु १०००/- को राजश्व तिरी फाराम खरिद गरी गाउँपालिकाको अधिकार प्राप्त अधिकारीबाट फाराम प्रमाणित गराई दररेट पेश गर्नुपर्नेछ।)